परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक

❑ वर्ष १२ ❑ अंक २ २०८० श्रावण १४ गते आईतवार Sunday 30, JUL 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## रजनीगन्धा, गुट्खा, खैनीमा प्रतिवन्ध, चुरोट र रक्सी चाहिं किन खुल्ला ?

विराटनगर । विराटनगर महानगरपालिका भित्र सुर्ती जन्य पदार्थ रजनीगन्धा, गुट्का, खैनीमा प्रतिवन्ध लगाएको छ तर चुरोट रक्सी चाहिं खुलेआम विक्री वितरण भईरहेकोमा विराटनगरका आम नगरिकले असन्तुष्टी जाहेर गरेका छन् ।







एक पान पसल व्यापारीले भने 'नेपालको कानुन दैवले जानुन' यहां कानुन जनताको लागि नभएर आफ्नो फाईदको लागि मात्र बनाउने गरेका छन् । विराटनगर महानगरपालकाले बैशाख १ गते देखि सुर्तिजन्य पदार्थमा प्रतिवन्ध लगाएको छ । त्यही वेला देखि बजारमा महानगरका कर्मचारीहरु र महानगरका प्रहरीहरु अनुगमनमा आउँछन् अनि सुर्तिजन्य पदार्थ गुट्का, तुलसी, खैनी मात्र हेर्दछ त्यही चुरोट राखेको हुन्छ केही वोल्दैन र चुरोट जफत पनि गरिदैन, यस्तो पनि कानुन हुन्छ चुरोट र रक्सी खुलेआम वेच्ने तर गुट्खा खैनीलाई प्रतिवन्ध लगाउने यो कस्तो नियम ? गुट्खा, खैनी, जर्दा, रक्सी, चुरोट यी सवैले मानव शरिरमा हानी नै पऱ्याउँछ त्यसैले बन्द गर्ने हो भने सवै सुर्तीजन्य पदार्थ र रक्सीलाई बन्द गरौं अन्यथा सबै विक्री वितरण गर्न दिउ वहांको भनाई छ ।

एक अर्को व्यपारीले भने सुर्तिजन्य पदार्थ गुट्खा, खैनीमा मात्र प्रतिवन्ध लगाउनु भनेको स्वदेशी उद्योगलाई मार्ने नीति हो । सुर्तिजन्य पदार्थमा प्रतिवन्ध लगाउनाले स्वदेशमा भएको उद्योग बन्द हुन्छ भने छिमेकी देश भारतवाट चोरी पैठारी भई नेपालमा भित्रिएपछि महंगो मुल्यमा उपभोक्ताले खरिद गर्न वाध्य हुन्छ वहांको भनाई छ 'खाने मुखलाई जुगाले छेक्दैन । त्यसमा पनि गुट्खा, सुर्ती विक्रीवितरणमा प्रतिवन्ध अनि चुरोट र रक्सी खुल्लेआम विक्रीवितरणले मानव स्वास्थयमा कुनै परिवर्त नहुने दावी गर्दै अगाडी थपे कित सुर्तीजन्य पदार्थ र रक्सी पूर्ण रुपमा प्रतिवन्ध लगाए मात्र मानव स्वास्थ्यमा परिवर्तन हुन्छ । त्यसवाट लाग्ने क्यान्सर जस्ता खतरनाक रोगबाट बच्न सक्छ ।

विराटनगर महानगरपालिका भित्र सुर्ती जन्य पदार्थ खुट्खा, तुलसी, खैनीमा प्रतिवन्ध तर सुर्ती जन्य पदार्थमै पर्ने चुरोट किन खुल्ला रुपमा विक्रीवितरण हुन्छ भन्ने प्रश्नमा विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले भने चुरोटमा सरकारले अन्त शुल्क लिई रहको छ त्यसैले त्यसमा प्रतिवन्ध लगाउन मिल्दैन तर चुरोट पनि १८ वर्षमुनिकालाई विक्रीवितरण गर्न पाईदैन । सार्वजनिक स्थलमा चुरोट खान पाईदैन यदि खाए पहिलो चोटी सचेत गराउँछ त्यसपछि ऐन र नियमावली अनुसार कारवाही हुन्छ ।

## तीस लाख क्षतिपुर्ति तिर्न अस्पताललाई आदेश

विराटनगर । सर्वोच्च अदालत ले कान्ति बाल अस्पतालले एक बालकलाई गलत खोप लगाएर चिकित्सकीय लापरबाही गरेको मुद्दामा तीस लाख रुपैयाँ क्षतिपूर्ति दिनुपर्ने आदेश दिएको छ ।

विसं २०७३ साल असार २२ गते ती बालकलाई उपचारका लागि अस्पतालको इमर्जेन्सीमा पुर्याइएको थियो । पीडित बालकका बुबा ध्रुवकुमारले अर्कै बालकका लागि तयार पारिएको मेनेन्जाइटिस मलेरियाको खोप आफ्नो बच्चामा लगाउँदा बच्चाको स्वास्थ्यमा गम्भीर क्षति पुगेको उल्लेख गर्दै काठमाण्डौ जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेको थियो ।

सोही मुद्दामा न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले २०७९ साल माघ २५ गते गरेको फैसलाको सार्वजनिक पूर्णपाठमा क्षतिपूर्ति हुने ठहर गरिएको थियो । आदेशमा भनिएको छ, ‚आधार, प्रमाण र कारणबाट कान्ति बाल अस्पतालको

वांकी अन्तिम पेजमा...

## नेपाल भित्रियाउँदै गरेको साँवा करोडको अबैध सामग्री बरामद

विराटनगर । झापाको मेचीनगर नगरपालिका-६ स्थितबाट प्रहरीले भन्सार छली गरी नेपाल भित्राउदै गरेको करीव साँवा करोड बरावरको अवैध सामग्री बरामद गरेको छ ।

शुक्रवार जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले बिशेष सुचनाको आधारमा ना.६ख ४९०२ नम्वरको ट्रकलाई रोकी चेक जाँच गर्ने क्रममा टेलेफोन नाम लेखिएको भाडा माझ्ने साबुन २५ काटुन, कोको जेल नाम लेखिएको हुक्काको कोईला ६० काटुन, अफजल एथोनेटिक फ्लाउरेड मोलासेस नाम लेखिएको हुक्काको फ्लेवर ८० काटुन र काँचको झ्याली/झ्याम्टा २ हजार ४ सय ६५ किलोग्राम सहित अवैध सामग्री बरामद गरेको थियो ।

ट्रक सहित बरामद भएको करिव १ करोड २६ लाख २७ हजार ५ सय मुल्य बरावरको अवैध भन्सार छलीका सामग्रीहरुलाई आवश्यक

वांकी अन्तिम पेजमा...






मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

# सुन्दर र हराभरा रंगेलीनगर बनाउन नगरपालिकालाई एमालेको साथ



विराटनगर । मोरङको रंगेलीलाई सुन्दर, हराभरा र समृद्ध बनाउने नगरपालिकाको अभियानमा नेकपा (एमाले) ले साथ दिएका छन् । रंगेली नगरपालिकाले सुरु गरेको हरित शहर अभियानमा नेकपा (एमाले) रंगेली नगर कमिटीले साथ दिएको हो ।

रंगेली नगरपालिकाले केही साता अघिदेखि हुलाकी राजमार्ग अन्तर्गत रंगेली क्षेत्रमा पर्ने सडकको डिभाईडरमा बृक्षारोपण गर्दै हरित शहर अभियानको सुरुवात गरेको थियो ।

नगरपालिकाले सुरु गरेको अभियानमा ऐक्यवद्धता जनाउँदै एमाले रंगेलीले शनिबार वृक्षारोपण गरिएको स्थानमा गोडमेल र सौन्दर्यकरणका लागि निल काँडाको विरुवा रोप्न सुरु गरेको छ ।

शनिबार विहानैदेखि एमाले रंगेलीको आयोजनामा काली मन्दिर अगाडीबाट नगरलाई सुन्दर बनाउन निल काँडाको विरुवा रोप्न सुरु गरिएको थियो । सो कार्यको नेकपा (एमाले) मोरङका अध्यक्षसमेत रहेका प्रतिनिधिसभा सदस्य ऋषिकेश पोखरेलले शुभारम्भ गरेका थिए ।

सोही अवसरमा बोल्दै सांसद पोखरेलले रंगेलीलाई समृद्ध बनाउन आफ्नो पार्टीको पूर्ण साथ रहने बताए । उनले नगरपा लिकाको चौतर्फी विकासको अभियानमा नेकपा (एमाले) पनि सहभागी हुने बताए । सांसद पोखरेलले नगरपालिकाले बजार क्षेत्रमा वृक्षारोपण गर्दै रंगेलीलाई हरित नगरी बनाउन गरिएको सौन्दर्यकरणका लागि राजनीतिक दलहरुको तर्फबाट थोरै भएपनि योगदान गर्न चाहेको र त्यसै अन्तर्गत निल काँडा रोपिएको बताए ।

त्यसैगरी रंगेली नगर पालिकाका मेयर दिलिप बगडीयाले आफ्नो ठाउँको चौतर्फी विकासका लागि सबै राजनीतिक दलहरुले दलिय स्वार्थ त्यागेर नगरपालिकालाई साथ दिनुपर्ने र सो कामको थालनी एमालेबाट भएको भन्दै धन्यवाद व्यक्त गर्दै नगरपालिकाले थालनी गरेको अभियानमा एमालेले जसरीनै अन्य राजनीतिक दलहरु पनि साथ दिए सवै हिसावले समृद्ध रंगेली बन्न धेरै समय नलाग्ने बताए ।

नेकपा (एमाले) रंगेली नगर कमिटीका अध्यक्ष दलबहादुर बस्नेतले नगरपालिकाले वेतौनादेखि मधुवनीसम्म वृक्षारोपण गरेको ५ किलोमिटर क्षेत्रमा थप सौन्दर्यका लागि आफ्नै पार्टीको खर्चमा ६५ हजार निल काँडाको विरुवा रोपिने र त्यसको सुरुवात गरिएको जानकारी दिए ।

निल काँडा रोप्ने कार्यक्रममा रंगेली नगरपालिकाकी उपमेयर भूमा पराजुली, नेकपा (एमाले) का नेता कार्यकर्ता, स्थानीय नगरवासी, सुरक्षाकर्मीलगायतको सहभागीता थियो ।

शहरीकरणका कारण बढ्दो वातावरण प्रदुषण नियन्त्रण र स्वच्छ वातावरणका लागि रंगेली नगरपालिकाले आफ्नो क्षेत्रभित्र पर्ने हुलाकी राजमार्गको ५ किलोमिटर सडकको डिभाईडरमा वृक्षारोपण गरेको थियो ।

## तीस लाख...

चिकित्सकीय असावधानीको कारणले पीडित आठ महिनाको बच्चा आलोक बरालको स्वास्थ्यमा गम्भीर असर परेको पुष्टि हुन आएको देखिएको छ । श्वासप्रश्वासमा समस्या भएर अस्पतालको इमर्जेन्सीमा उपचार गर्न पुर्याइएका आठ महिनाका आलोकलाई गलत खोप दिँदा क्षति पुगेको भन्दै रकम भराउन आदेश दिएको हो ।

असपताले सोही दिन शम्भु विक नामका अर्कै बालकका लागि ल्याइएको खोप आलोकलाई लगाइएको थियो । त्यसपछि बच्चामा सास फेर्न गाह्रो हुनाका साथै दिसा, पिसाब चुहिनेजस्ता लक्षण देखिएको थियो । काठमाण्डौ जिल्ला जनस्वास्थ्य कार्यालयको तर्फबाट डा आयुष्मा रेग्मीले तयार पार्नुभएको प्रतिवेदन बमोजिम ती लक्षण मेनेन्जाइटिस मलेरियाको खोपबाट साइड इफेक्ट भएको प्रमाणित भएको अदालतको ठहर थियो ।

फैसलाको पूर्ण पाठमा भनिएको छ, ुत्यस लक्षण इन्जेक्सन मोन्टाजको साइडइफेक्टको लक्षणसँग मिलेको पाइयो, यसरी अस्पतालको लापरबाहीका कारण गलत औषधिको अधिक मात्रा प्रयोग गरी आठ महिनाको बच्चाको ज्यान नै जान सक्ने गरी आजीवन शारीरिक तथा मानसिक लगायत असर परेको देखिँदा पीडित बालकलाई अस्पताल बाट क्षतिपूर्ति भराइ दिनुपर्ने अप्रत्यक्ष दायित्व सिर्जना भएको देखिन्छ ।

आफ्नो बच्चाको स्वास्थ्य प्रति अस्पतालले लापरबाही गरेकाले क्षतिपूर्तिको माग गर्दै उहाँले काठमाण्डौ जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्नुभएको थियो । यो विवाद उच्च अदालत पाटन हुँदै सर्वोच्च अदालतसम्म पुगेको थियो ।

## नेपाल...

कारवाहीको लागि राजस्व अनुसन्धान कार्यलय ईटहरी सुनसरी बुझाईएको छ ।

अवैध सामग्री ओसार पसारमा संलग्न रहेका ट्रकका चालक तत्काल फरार रहेकोले खोजतलास तथा अन्य अनुसान्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# मोरंग र झापावाट लागुऔषध सहित पाँच पक्राउ

बिराटनगर । मोरङ र झापाका छुट्टा छुट्टै स्थानहरुबाट अबैध लागुऔषध सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

सोमवार बिराटनगर महानगर पालिका -१६ हुलास चौक स्थितमा भारतबाट नेपाल तर्फ आउदै गरेको पैदल यात्री झापाको कमल गाउँपालिका-६ का बिबेक ग्वालालाई शंकास्पद अवस्थामा फेला पारी चेकँजाच गर्दा उनको साथबाट लुपिजेशि, एभिल, फेनारागन र डाइजोपाम गरी जम्मा २६ एम्पुल लागुऔषधी फेलापारी नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी सोही दिन ईलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले मोरङको पथरीशनिश्चरे नगरपालिका १ रत्नचोक स्थितबाट स्थानीय २१ बर्षीय शैलेस गुरुङलाई शंका लागी चेकजाँच गर्दा निजको साथबाट १ ग्राम १ सय मिलिग्राम ब्राउनसुगर बरामद गरेको थियो ।

लागुऔषध नियन्त्रण ब्युरो काकरभिट्टाबाट बिशेष सुचनाको आधारमा खटिएको प्रहरी टोलीले झापाको बिर्तामोड नगर पालिका-४ भद्रपुर रोड स्थितबाट १ ग्राम १ सय मिलिग्राम लागुऔषध ब्राउन सुगर सहित स्थानीय २५ बर्षीय रबी चौधरी, १९ बर्षीय प्रियान्स साह र २४ बर्षीय विशाल बिकलाई नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका उनिहरुको सम्बन्धित प्रहरी कार्यालयबाट आवश्यक कानूनी कारबाही प्रकृया भईरहेको छ ।

भर्ना खुल्यो !! भर्ना खुल्यो !! भर्ना खुल्यो !!

SEE उतिर्ण गरी राम्रो ईन्स्टिच्युटको खोजी मा रहेका विद्यार्थीहरुका लगि
PCL NURSING
मा भर्ना खुल्यो
फारम भर्ने मिति : २०८०-०३- २९
देखि २०८०-०४-१२
प्रवेश परीक मिति : २०८०-०४-२४
लाईफ गार्ड हस्पिटल प्रा. लि.
(लाईफ गार्ड नर्सिङ कलेज)
बिराटनगर, वरगाछि-०५
सम्पर्क : ०२१-५९०८८५, ९७४५४७९५१३, ९८५२०७३१७७

SUKRATARA FURNITURE UDYOG
9842033365
9805391277
BIRATNAGAR
Chattdev007@gmail.com

All types of Fabrication, Furniture, Prefab, Truss are available.

डेंगीबाट बचौं
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पिडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाँउको दुख्नु ।
- शरिरमा राता बिमिराहरु आनउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।
यस्ता लक्षणहरु देखा परेमा डेंगी हुनसक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।
नेपाल सरकार, विज्ञापन बोर्ड

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

### कोशीमा सरकार गठनको चटारो

कोशी प्रदेश सरकार अवैधानिक रुपमा सभामुखको समेत हस्ताक्षर गरी नेपाली कांग्रेसका नेता उद्धव थापालाई मुख्यमन्त्रीमा प्रदेश प्रमुखले नियुक्त गरेपछि सो विरुद्ध नेकपा ऐमालेका मुख्यमन्त्री हिकमत कुमार कार्कीले सर्वौच्चमा रिट दर्ता गराएपछि सो रिटको सुनवाई गर्दै सर्वौच्चले उद्धव थापाको सरकार अवैधानिक भएको ठहर गर्दै श्रावन १७ गते सम्म बहुमत पुऱ्याउने दलको नेतृत्वमा सरकार गठन गर्न आदेश दिएपछि अहिले कोशी प्रदेश सरकार गठनका लागि सवै राजनीतिकलाई चटारो परको छ। सबै राजनीतिक दलहरुले आ-आफ्नो नेतृत्वमा सरकार गठनका लागि प्रदेश देखि संघिय नेताहरुको भेटवार्ता भई रहेको छ।

कोशी प्रदेश सरकार अस्थिर हुनुको मुख्य कारण कोशी प्रदेश सरकारको सभामुख नै भएको छ। सभामुख जस्ता गरिमामय पदमा तटस्थ भूमिकामा रहनुपर्ने सभामुखले सरकार निर्माणको लागि अवैधानिक रुपमा हस्ताक्षर गरेपछि सोही हस्ताक्षरलाई असंवैधानिक भन्दै श्रावन ११ गते सर्वोच्चको फैसला आएपछि नयां सरकार गठनको प्रक्रिया शुरु भएको छ। कोशी प्रदेशमा ९३ सदस्य रहेकोमा सभामुखबाहेक एमाले, राप्रपा गठबन्धनका ४६ र कांग्रेस, माओवादी, एस र जसपा गठबन्धका पनि ४६ सदस्य हुँदा बहुमत अर्थात् ४७ सदस्य कुनै समुहको पुगि रहेको छैन।

अहिले फेरीपनि समामुखले नैतिकताको रुपमा राजीनमा दिएमा गठवन्धनको ४७ पुग्दछ तर सभामुखले राजीनामा दिएन भने एमालेसँग ४०, राप्रपासँग ६ र कांग्रेससँग २९, माओवादीसँग १२, एससँग ४ र जसपासँग १ सांसद हुँदा कुनै पनि गठबन्धनको बहुमत नपुगदा फेरी पनि सरकार गठनमा समस्या देखिएको छ। नेकपा एमालेले नेपाली काँग्रेससंग पनि सहकार्य गर्न सकिन्छ भनि सकेकोले सवभन्दा सहज कांग्रेस र ऐमाले मिलेर सरकार बनाउन उत्तम हुन्छ। अन्यथा कोशी प्रदेश सरकार गठन प्रक्रिया अप्ठ्यारोमै रहने देखिन्छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# राजनीतिमा बढ्दो यूवा उभार, सम्हाल्न सक्लान् त पाकाले ?

**श्याम अधिकारी**

विनियोजन विधेयक २०८० को प्रश्नोत्तरको क्रममा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डले उठाएका दुई विषयले अलि चासो बढायो। एउटा विषय जुन जो कोही प्रधानमन्त्री भएको बेलामा आउने निरन्तरको विषय जस्मा युवालाई देशभित्रनै रोजगारीको श्रृजना गर्दै वैदेशिक रोजगारीको सिलसिलामा रहेका युवाहरुलाई देशमा नै अवसर श्रृजना गर्र्ने सरकारको लक्ष्यको बखानको निरन्तरता भने दोश्रो विषय चैं अन्य प्रधानमन्त्री भन्दा फरक र अलि क्रान्तीकारी तवरले सामाजिक सञ्जालका चित्र र सञ्जालमा रमाउने युवापुस्तालाई घुमाउरो पारामा गरेको गालीले उनमा युवाजनमा आएको चेतलाई लक्षित गर्न खोजेको जस्तो देखिन्छ।

आखिर खाहाललाई समेत चासो हुने गरि आईरहेका विषयहरुले पाका र स्थापित पार्टीका नेताहरुमा ढ्याङग्रो चै पक्कै बजाएको छ। युवापुस्ताले राजाको शासनकालमा भएका अराजक विषयहरुलाई भोग्नु नपरेको र वर्तमानमा अगाडि जे छ त्यसमा नै रमाउने कारणले लोकतन्त्रमाथि नै धावा बोलेको आक्षेप पेश गरिरहँदा एउटा विषय चै स्पष्ट छ कि कोरा भाषणबाजीमा रमाउने नेतागणको सातो युवापुस्ताले जगाईरहेका छन्। हुन पनि हो आजकल पान पसल, चिया पसल, पार्क, रेष्टुरेन्ट, सरकारि कार्यालय या त अरु कुनै सार्वजनीक निकायका अड्डा, सामाजिक सञ्जाल या त सार्वजनिक चासोका क्षेत्रहरुमा कि वालेन शाह, कि हर्क साङपाङ्ग, कि रबी लामिछानेका बहससँगै छिटपुट स्थापित दलका युवा र युवासोच भएका नेता (एकाध रुपमा आउने) कै चर्चा हुन्छ। बालेन र हर्कले त आफुलाई सावित गर्ने कुरामा केहि ठोस उदाहरणहरु पेश गरिसकेका छन् रवी र उनको पार्टीका सदस्यहरुको पनि जमर्को जारि छ।

वैकल्पिक साहारामा जबरजस्त उठ्दै गरेको युवा सामर्थ्य नगरौं नजरअन्दाज

स्थापित दलमा उमेर ढल्किसकेका नेताकै दबदबा रहिरहनु र युवापुस्तालाई कोरा राजनीतिको मोहोरामात्रै बनाईरहनाले स्थापित दलभित्रै युवा सामर्थ्य बेलाबेला बहुरिने गर्छ। केहि दिन अगाडि नेपाली कांग्रेसका नेता माननीय गगन थापाले आफ्नो दल लगायत स्थापित दलका पाका नेताहरुलाई लक्षित गर्दै दिएको अभिव्यक्तिले यिनै विषयलाई थप स्पष्ट पार्ने जमर्को गरेको छ। थापाले भनेजस्तै एउटै व्यक्ति कति पटक प्रधानमन्त्री बन्ने भन्ने कुराको ठोस आधार र व्यवस्था हुन नसक्नु, पाका नेताहरुले दिन नसकिरहेको 'पोलिटिकल एक्जिट' (शाब्दीक अर्थ फरक भएपनि सारमा राजनीतिक पुस्तातन्रणको रुपमा बुझ्न सकिने) नभएकोले पार्टीभित्र भएको जाम र विकसित देशमा गरिएका पद्धती र व्यवस्थाको उदाहरणले स्थापित पार्टीभित्र आगो सल्किरहेको छ।

वैकल्पिक सहाराको रुपमा अधिकाँश नयाँ शक्तिले सामाजिक सञ्जाललाई नै माध्यम बनाएका छन्। सामाजिक सामाजिक सञ्जालमा जब बालेन बोल्छन्, उनको अभिव्यक्तिको पक्षमा आउने हजारौं सकारात्मक प्रतिक्रियासँगै राजनीतिमा लामो समयदेखि स्थापित दल र ति दलका पाका नेताहरुलाई गरिने गालिगलौज र वितृष्णालाई नजरअन्दाज गर्दै युवालाई विगत बुझाउन खोज्नु एक पक्षमा त ठिकै होला तर तत्कालै परिणाम खोज्ने युवा पुस्ताको मनस्थितिलाई दोषारोपण गर्दै आफुले गरेको परम्परागत कार्यशैली नै ठिक भन्नु किमार्थ ठिक होईन।

नितान्त पृथक शैली र अभियानलाई आत्मासाथ गर्दै धरानको राजनीतिमा स्थापित पार्टीमाथि धावा वोल्दै आफुलाई अबल सावित गरिरहेका हर्क साङपाङ्गको महत्वपुर्ण आधार नै सामाजिक सञ्जाल हो। आफुले गरिरहेको, गर्नलागेको काम देखि लिएर आफुलाई परेको असहजता साथै उनले उठाईरहेको नेपालको स्वयंसेवी श्रम संस्कृतिलाई जसरि खुल्ला रुपमा प्रस्तुत गरिदिन्छन् र उनको पक्षमा जनमत श्रृजना गर्छन् त्यसबाट तर्सिएर सामाजिक सञ्जालमा हर्कलाई समर्थन गर्ने युवा पुस्तालाई गाली गर्नु कदापी ठिक होईन।

राष्ट्रिय स्वतन्त्र पार्टीको कतिपय विषयहरु सुस्पष्ट ढंगबाट आउन बाँकी नै भए पनि एउटा मन परेको विषयमध्येको एक चै प्रतिनिधी सभामा उनिहरुको प्रस्तुति हो। नयाँ शक्तिको रुपमा उदयमान हुने क्रममा रहेको पार्टीका सम्बन्धीत विषयका विज्ञ संसदहरुले दिईरहेका खोजमुलक, विश्लेषणात्मक र समालोच नात्मक टिप्पणीले उनिहरुको उपस्थिति दरिलो बन्दै गईरहेको छ। र ति विषयहरुलाई पछ्याईरहेका सामाजिक सञ्जाल प्रयोगकर्ताहरु र उनिहरुका सकारात्मक सन्देशलाई नजरअन्दाज गरिनु सायद जायज छैन।

केही यथार्थ

नेपालको राजनीतिमा उदाईरहेका यि पात्रहरुलाई हेर्दै गर्दा विश्व राजनीतिलाई अलि नजिकबाट हेर्दा ३६ बर्षको उमेरमा दक्षिणपुर्वी युरोपियन देश मोन्टेनेग्रोमा वर्तमान राष्ट्रपति ज्याकोभ मिलाटोभिकले गत २० मे २०२३ देखि सत्ताको बागडोर सम्हाल्दै आएका छन्।

त्यसैगरी पश्चिम अफ्रिकी देश वुर्किना फासोका वर्तमान राष्ट्रपती ईब्राईम ट्रावर ३५ बर्षमा शासन सञ्चालन गरिरहेका छन्। फिनल्यान्डकि तत्कालिन प्रधानमन्त्री सन्ना मरिन ३४ बर्षको उमेरमा सन् २०१९ मा प्रधानमन्त्रीको रुपमा आफुलाई उभ्याउदै गर्दा आफ्नो मन्त्रीमण्डल भित्र अन्य ५ जना ३५ बर्षभन्दा कम उमेरसमुहका मन्त्रीहरुमार्फत् आफ्नो कार्यकाललाई सकाउँदै गत जुन २० विदा भइन्। मरिन जस्तै अष्ट्रियामा दुई कार्यकाल चान्सलर बनेका सेबास्टियन क्रुज पहिलोपटक चान्सलर बन्दा जम्मा ३१ बर्षका थिए। सन् २०१७ देखि २०२१ सम्म दुईपटक चान्सलर बन्दै गर्दा उनले अष्ट्रियाको विकासनिर्माणमा महत्वपुर्ण भुमिका निर्वाह गरेको प्रमाणहरु भेनिन्छन्। त्यसैगरि २८ बर्षको उमेरमा पहिलोपटक सांसद निर्वाचित भएकि न्युजल्यान्डकि तत्कालिन प्रधानमन्त्री (२०१७ - २०२३) ज्यासिन्डा आरडेनले आफ्नो अब्बल नेतृत्वलाई सावित गरेकि छिन्। अझै रोचक त युगान्डाकी प्रोस्कोभिया एलेन्गोट ओरोमाईट पहिलोपटक सांसद बन्दा जम्मा १९ बर्षकि थिईन् र अहिले पनि सांसदको रुपमा काम गरिरहेकी छिन्।

विश्व राजनीतिका यि प्रतिनिधी उदाहरणको सामान्य चर्चापछि फेरि नेपालतिरकै कुरा गरौं। प्रधानमन्त्रीले माथि उठाएका दुवै विषय एक अर्कामा अन्तरसम्बन्धीत छन्। अन्तराष्ट्रिय श्रम संगठन (आईएलओ) को सन् २०२२ को प्रतिवेदनलाई मात्रै आधार मान्ने हो भने दुई आर्थिक बर्ष २०१९/२०, २०२१/२२ मा मात्रै (कोभिड चुनौतिका बाबजुत) ११ लाख नेपालीयुवाहरु देशबाहिर रोजगारिको सिलसिलामा गएका छन्। रोजगारिका लागि छिमेकी देश भारत जाने युवाको संख्याबाहेकको त्यो संख्यालाई मात्रै हेर्यो भने पनि दैनिक करिब १५००को हाराहारीमा युवा बाहिरिँदो छ। आईएलओको सोही प्रतिवेदनले वैदेशिक रोजगारिमा गएका युवाहरुको कारणले परिवारका सदस्यहरुको आर्थिक, शैक्षिक र सामाजिक स्तर सुधारमा महत्वपुर्ण टेवा पुर्याएको भनिएको छ। प्रतिवेदनमा नउठाईएको तर उल्लेखित क्षेत्रभन्दा अलि पृथक वैदेशिक रोजगारिमा गएका युवाजनले परिवारभित्रको राजनीतिक झुकाव कतातिर लैजाने भन्ने विषयमा राम्रै प्रभाव पारेका छन्

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२०००० 
इटहरी बारुणयन्त्र ५८०१०१ 
धरान बारुणयन्त्र ५२०१९९ 
इनरुवा बारुणयन्त्र ५६०१०१ 
दमक बारुणयन्त्र ०२३-५८०१०१ 
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३ 
नेरेसो रंगेली ५८००४८ 
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४ 
रंगेली अस्पताल ५८००४८ 
आँखा अस्पताल ५२३७०६ 
सुरक्षा अस्पताल प्रा.लि. 
०२१-५३६९४१, ५२२८७७ 
एम्बुलेन्स ९८०२७५३७१७, 
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय 
०२१-४३५००१ 
जिल्ला प्रहरी कार्यालय 
५३०३५८, ५२३९०१,१०० 
नगर प्र.का.. बिराटनगर 
५२१८५०, ५३०३६७, ११०, 
इ.प्र.का. रंगेली 
८०१००८०१३० 
इ.प्र.का. उर्लाबारी 
०२१-५४०००२ 
सिमा प्रहरी चौकी 
०२१-४३५८४०

# मालबस्तुको लेबलिंगमा संघको असन्तुष्टि जनाउँदै चारबुद्धे ध्यानाकर्षण

विराटनगर । मोरंग व्यापार संघले नेपाल राष्ट्र बैंकद्वारा हालै जारी मौद्रिकनीति, भन्सार जाँचपास र पैठारी हुने मालवस्तुको लेबलिङ्गमा असन्तुष्टी जनाउँदै चार बुद्धे ध्यानाकर्षण गराएका छन ।

संघ सहित नेपालको प्रमुख भन्सारनाका क्षेत्रका उद्योग वाणिज्य संघहरु, वीरगंज उद्योग वाणिज्य संघ, सिद्धार्थ उद्योग वाणिज्य संघ र नेपालगञ्ज उद्योग वाणिज्य संघले संयुक्त रुपमा एकै समयमा पत्रकार सम्मेलन गरी असन्तुष्टी जनाएको हो ।

मोरंग व्यापार संघका अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य नवीन रिजाले प्रेस विज्ञप्ती वाचन गरेका थिए ।

उक्त विज्ञप्तीमा भनिएको छ उद्योग, व्यापार, व्यवसायहरु अनेकानेक समस्याका बावजुद जेनतेन व्यापार व्यवसाय सञ्चालन गर्दै आएकोमा विभिन्न सरकारी निकायहरूबाट नियन्त्रणात्मक गतिविधिका नाउँमा भइरहेको अनापेक्षित नीतिगत हस्तक्षेपका कारण आर्थिक गतिविधि खरिकदै गइरहेको छ । जसको पछिल्लो संस्करणको रूपमा लेबलिङ्ग सम्बन्धमा भंसार विभागद्वारा जारी सूचनाले थप अन्यौल श्रृजना गरेको छ ।

त्यसैगरी भंसार विभागबाट अषाढ २२ गते जारी भएको 'लेबल लगाउने सम्बन्धी सूचनाका कारण व्यवसायीहरु माँझ अन्यौलको वातावरण सृजना भएको छ । उल्लेखित समस्या समाधानका लागि नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अज्जन श्रेष्ठको नेतृत्वमा निजी क्षेत्रका एक टोलीले भंसार विभागका




महानिर्देशकसँग भेटघाट गरी समस्याको गाम्भीर्यता दर्शाइए पनि समस्या समाधान गर्ने तर्फ सरकारले खासै केहि कदम चालेको देखिँदैन ।

जसकारण श्रावण १ गतेदेखि लेबलिङ्ग कार्यान्वयनमा ल्याउने भनी जारी अस्पष्ट र अव्यवहारिक सूचनाका कारण आयात तथा आन्तरिक व्यापार नै नराम्री प्रभावित हुन पुगेको अवस्था छ । भंसार विभागद्वारा जारी सूचना आफैंमा अस्पष्ट त छँदैछ, सँगसँगै स्पष्ट पार्ने सरोकारवाला निकाय पनि लेबलिङ्ग बारे प्रष्ट छैनन् । यसर्थ लेबलिङ सम्बन्धी स्पष्ट प्रावधान र नीतिगत व्यवस्था र निर्देशिका जारी नभइञ्जेल सम्मका लागि यो लेबलिङ्ग प्रकृया कार्यान्वयनका लागि अगाडी नबढाउन आग्रह गरेको छ ।

विगत केही महिनादेखि भंसार प्रशासकहरूले राजस्व सङ्कलनका नाउँमा आयात कर्ताहरूलाई दुःख दिने कार्य गरिरहेका छन् । भंसार कार्यालयहरूले बिल बिजकको मूल्यको आधारमा भंसार जाँचपास नगर्ने, वर्षौं पुराना कार्यविधि अर्थात् सन्दर्भ पुस्तिकाका आधारमा मालवस्तु मूल्यांकन गरी जाँचपास गर्ने, वास्तविक मूल्य राखी जाँचपास गराउन खोज्दा पनि ५०% सम्म जरिवाना (पेनाल्टी) लगाउने, मालवस्तुको वास्तविक हार्मोनिक कोडको आधारमा भंसार जाँचपास गर्नुपर्नेमा आफूखुशी हार्मोनिक कोड कायम गरी बढी राजस्व लिने जस्ता कार्यहरूबाट नेपाली आयातकर्ताहरू आक्रान्त छन् । यस्ता किसिमको अव्यवहारिक र अन्यायोचित कार्य यथाशीघ्र बन्द गरी वास्तविक बिल बिजकका आधारमा भंसार मूल्यांकन गर्नु पर्ने माग गरेको छ ।

त्यस्तै, उद्योग व्यवसाय चलायमान बनाउन नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत चालूपूँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७२ को संशोधन, व्याजदर न्यूनिकरण लगायतका विषयहरू सम्बोधन गर्ने विश्वास लिएका थियौं । तर त्यसबाट हाल चालु पूँजी कर्जा मार्गदर्शन पुनरावलोकन गरिने कुरा मात्र आएको र व्याजदर न्यूनिकरण सम्बन्धी खास ठोस नीति नआएको हुँदा त्यस सम्बन्धमा हाम्रा निम्न सुभावहरू यथाशिघ्र सम्बोधन गर्न नेपाल राष्ट्र बैंकको गम्भिर आग्रह गर्नुको साथै एक हप्ता भित्र माग पुरा नभए आन्दोलनमा उत्रिने चेतावनी समेत दिएको छ ।

राष्ट्र बैंकलाई गरेको चार बुद्धे ध्यानकर्षण :

१. चालू पुँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७९ले उद्योग र व्यापारमा २५ प्रतिशतको चालू पुँजी सीमा राखेको छ । तर भुपरिवेष्ठित हाम्रो मुलुकको व्यवसायिक चक्र (खरिद, विक्री, उधारो असुली आदि गतिविधिहरू) अन्य मुलुकको भन्दा लामो हुने गरेकाले नेपालको उद्योग /व्यवसायको हकमा त्यस सीमालाई ४० प्रतिशत कायम गरिनु पर्दछ ।

२. चालू पूँजी कर्जालाई वार्षिक रूपमा ७ दिनसम्म शून्य बक्यौता कायम गर्नु पर्ने व्यवस्था अव्यवहारिक रहेकाले त्यसलाई खारेज गरिनु पर्दछ ।

३. विद्यमान शिथिल आर्थिक अवस्थाका कारण पुर्नतालिकि करण (च्भ-कतचगअतगचभ) गरिएका ऋणहरूको समेत किस्ता भुक्तानी गर्न उद्योगी/ व्यवसायीहरुलाई समस्या भई रहेको हुँदा त्यस्ता किस्ता भुक्तानी गर्ने स्यादमा केहि समय थप गरिनु पर्दछ ।

४. आर्थिक व्यवस्था चलायमान राख्न कम्तिमा औद्योगिक/व्यवसायिक क्षेत्रका लागि एकल अंकको ब्याजदर कायम गरिनु पर्दछ ।

# के हो लम्पी स्किन रोग ? समान्य जानकारी

हाल नेपालमा केही स्थानहरु बिशेष गरि झापा, मोरङ्ग, चितवन, र रौतहट जिल्ला लगायतका गाईहरुमा नयाँ प्रकारको रोग देखापरेको छ र यो रोग अन्य स्थानहरुमा पनि फैलिने क्रम जारी छ। यस रोगलाई लम्पी स्किन डिजिज भनेर यकिन गरिसकिएको छ। यो रोग पशुहरुबाट मानिसमा हालसम्म सरेको भेटिएको छैन ।

यो रोग एक विषाणु भाइरस जन्य रोग हो । लामखुट्टे, किर्ना र भुसुना जस्ता कीराहरुले यो रोगको बिषाणु रोगी पशुबाट स्वस्थ पशुमा सार्ने गर्छन । यसको अलावा रोगी पशुहरुको सिंगान, दूध, र घाउबाट निस्केको पीप, रगत, जस्ता जैविक रसहरुको प्रत्यक्ष संसर्गबाट पनि यो रोग सर्न सक्छ ।

यो रोगका लक्षणहरु



साधारण र हल्का रुपका देखि निकै कडा खालको पनि देखिन सक्छ । साना पशुहरुमा यो रोग कडारुपमा लाग्दछ भने वयस्क पशुहरुमा साधारण लक्षणहरु देखिन सक्छन । रोगी पशुहरुमा ज्वरो १०४-१०५ डिग्री फरेनहाईट आउने, अरुचि हुने र झोक्राउने लक्षण देखिन्छ । त्यसको २-३ दिनमा पशुको शरीरभरि नै छालामा गिर्खा र गाँठाहरू देखिन शुरू गर्छ ।

यस्ता गिर्खा र गाँठाहरूमा पिप जम्मा भई यो घाउमा परिणत हुन्छ र यसमा जिवाणुजन्य संक्रमण भई समस्या झन् बढ्दै जान्छ । बिस्तारै शरीरका भित्री अङ्गहरु जस्तैः पेट, फोक्सो, श्वासनलीमा पनि यस्ता गिर्खा र गाँठाहरू बढ्न गई निमोनिया हुन्छ । खुट्टा र शरीरको तल्लो भागमा भएका यस्ता संक्रमणले गर्दा पशुहरू हिड्न नसक्ने भई बसिरहने (डुवेनर) हुनसक्छ जसले गर्दा समस्या झनै विकराल बन्दै जान्छ । थुन र कल्चौंडोमा भएका यस्ता गिर्खा र गाँठाहरुमा जिवाणुजन्य संक्रमण हुन गएमा थुनेलो हुने देखि थुन नै झर्ने सम्म हुनसक्छ । कुनै पशुहरुमा गर्भ तुहिने, पाठेघरमा समस्या देखिने र गर्भ नअडिने समस्या पनि देखिनुका साथै बाँझोपन पनि हुन्छ ।

यो रोगको हाल कुनै उपचार नभएकाले आफ्ना पशुहरुलाई नियमित रुपमा बिषेश गरि छालामा हुने गिर्खा र गाँठाहरुको निगरानी गर्नुहोस् । किनेर ल्याईएका नयाँ पशुहरुलाई तीन हप्तासम्म छुट्टै क्वारन्टिनमा राखेर मात्र आफ्नो गोठमा हुल्नुहोस् । पशुहरुलाई टोक्ने कीराहरु जस्तैः लामखुट्टे, किर्ना र भुसुनाहरुबाट सुरक्षित राख्नका लागि सम्भव हुने सम्मका उपायहरु अपनाउनुहोस् । रोगी पशुहरुलाई आवतजावत नगराउनुहोस्, यसले रोग फैलिने क्रम अझ बढ्छ ।

यदि पशुहरुमा रोग देखा परेमा पशु चिकित्सक वा प्राविधिकलाई सम्पर्क गरि लक्षण अनुसारको उपचार गरि जिम्मेवार निकायहरुलाई यो रोगबारे जानकारी गराउनुहोस्। रोगी पशुहरुलाइ राम्रो हेरविचार गरि संतुलित पौष्टिक आहारा खुवाई सेकेण्डरी ब्याक्टेरियल ईन्फेक्सनहरु बाट जोगाउन ३/४ दिनसम्म एन्टिवायोटिकले उपचार गरेमा पशु निको हुने सम्भावना बढि हुन्छ ।

यो रोग नेपालमा पहिलोपटक देखिएको र यसको उपचार पनि नभएकाले जैविक सुरक्षा र सावधानी अपनाउनु नै यसबाट पशुहरुलाई जोगाउने प्रमुख उपाय हो । अन्य देशहरुमा यसको खोप उपलब्ध भएता पनि नेपालमा हालसम्म खोप ल्याईएको छैन ।

भर्ना खुल्यो !
डिप्लोमा इन इन्जिनियरिङ्ग ( ३ वर्षे )
( SEE उर्त्तिण गरी न्यूनतम 1.6 GPA भएका विद्यार्थीहरुका लागि )
डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग
डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्ग
डिप्लोमा इन इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्स
स्वास्थ्य प्राविधिक विषयहरु ( ३ वर्षे ) :
( SEE उर्त्तिण गरी न्यूनतम 2.0 GPA भएका विद्यार्थीहरुका लागि )
सामान्य चिकित्सा (H.A.)
मेडिकल ल्याब टेक्नोलोजी (CMLT)
फारम भर्ने मिति : २०८० श्रावण १२ गते सम्म
प्रवेश परीक्षा मिति : २०८० श्रावण २४ गते
गोल्डेन पार्क कलेज, विराटनगर ३, बरगाछी
०२१-४६४३४४, ९८४२०५०४१६, ९८५२०२४६१६
Email : gpcbiratnagar@gmail.com

सूचना सूचना सूचना
सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।
सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १

# ग्रामथाका महिलाको निःशुल्क स्वास्थ्य परिक्षण



विराटनगर । विराटनगरस्थित नोबेल शिक्षण अस्पतालले ग्रामथान गाउँपालिका-२ स्थित झोराहाटमा स्त्रीरोग सम्बन्धि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । विश्व निसन्तान दिवसको अवसर पारेर स्थानीय रेमिट बचत तथा ऋण सहकारी संस्थासँग सहकार्य गरी नोबेलको आइभीएफ सेन्टरले एक दिने शिविर आयोजना गरेको हो ।

शिविरमा झोराहाटसहित पिडारवनी, लखनतरी, तेतरिया लगायत क्षेत्रका महिलाहरुको स्वास्थ्य परीक्षण गरिएको नोबेलका मार्केटिङ अफिसर नविन दाहालले जानकारी दिए । शिविरमा नोबेलका स्त्री तथा प्रसूति एवं निसन्तान रोग विशेषज्ञ प्रा.डा.शान्ति सुवेदी, डा.मिलुना भुषालसहितको टोलीले विरामीको स्वास्थ्य परीक्षण गरेको थियो । विवाह भएको लामो समयसम्म पनि सन्तान प्राप्त नभएका दम्पतीहरु शिविरमा धेरै आएका थिए । शिविरमा विरामीहरुको भिडियो एक्सरे पनि गरिएको छ ।

यसैबीच, स्वास्थ्य शिविर अघि निसन्तान रोग सम्बन्धि सचेतनामुलक कार्यक्रम पनि गरिएको छ । कार्यक्रममा नोबेलका स्त्री तथा प्रसूति एवं निसन्तान रोग विशेषज्ञ प्रा.डा.सुवेदीले सन्तान नहुदा महिलालाई मात्र दोष दिनु गलत भएको भन्दै बच्चा नहुने समस्या महिला वा पुरुष दुवैका कारणले हुन सक्ने जानकारी दिइन् । उनले सन्तान नभइरहका दम्पतीहरुलाई उपचार वा अन्य विधिबाट पनि सन्तान प्राप्ती गराउँन सकिने हुनाले आइभीएफ सेन्टरमा सम्पर्क गर्न आग्रह गरिन् ।

कार्यक्रममा वडाध्यक्ष यादव खतिवडा, सरस्वती नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापक असोक लुइटेल, रेमिट सहकारीका अध्यक्ष उमा खतिवडा लगायतले निःशुल्क स्वास्थ्य शिविर र सचेतनामुलक कार्यक्रमले ग्रामिण क्षेत्रका महिलाहरुलाई निकै फाइदा पुग्ने विश्वास व्यक्त गरे ।

# सुन तस्करीका नाइके पक्राउ नगरिए आमरण अनशन

विराटनगर । प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्माले सुन तस्करी प्रकरणका मुख्य नाइकेलाई पक्राउ नगरिए सदनमै आमरण अनशन बस्ने घोषणा गरेका छन् ।

प्रतिनिधि सभाको आजको बैठकमा बोल्दै सांसद शर्माले यस्तो घोषणा गरेका हुन् । सुन तस्करीका मुख्य नाइके पक्राउ गर्न सात दिनसम्मको समय दिने र सो समयसम्म पनि नाइके पक्राउ नगरी भरियालाई मात्र थुन्ने काम भए आफू सदनमै अनशनमा बस्ने उनले घोषणा गरे । 'यदि समय लिने हो भने ७ दिनभित्र सुन तस्करीका मुख्य नाइके पक्राउ गर्छौं भनेर भन्नुपर्यो, यदि यो विषयलाई समान्य ढंगले हेरियो र भरियालाई मात्र थुनेर नाइके पक्राउ गरिएन भने म सदनमै आमरण अनशन बस्ने घोषणा गर्छु' सांसद शर्माले भने ।

यो पक्ष वा प्रतिपक्षको सवाल नभई आम नेपालीको सवाल भएकाले आफू जनताको सवालमा अनशन बस्ने उनको भनाई छ । चैत १७ गते अर्थमन्त्रीले सपथ खानु, बैशाख २० गते अर्थसचिव परिवर्तन हुनु, जेठ १७ गते भन्सारको चिफ फेरिनु र साउन ५ गते सुन भित्रिनुमा सम्बन्ध रहेको उनले आशंका व्यक्त गरे ।

कांग्रेसबाट निर्वाचित भएका सांसद शर्माले आफ्नै पार्टीका अर्थमन्त्री डा.प्रकाशशरण महत र गृहमन्त्री नारायणकाजी श्रेष्ठको राजीनामा पनि मागेका छन् । एक क्विन्टल सुन तस्करी प्रकरणका नाइके पक्राउ गर्न नसकेकाले उनीहरूले नैतिकता का आधारमा राजीनामा दिनुपर्ने उनले बताए ।

देश, विदेशका धेरै व्यक्तिले नैतिकताका आधारमा राजीनामा दिएको उदाहरण दिदै उनले यहाँ पनि गृहमन्त्री र अर्थमन्त्रीले राजीनामा दिनुपर्ने उनको भनाई छ । मोरङको क्षेत्र नं.३ बाट निर्वाचित शर्मा सरकारी तलब भत्ता नलिने एकमात्र सांसद हुन् । पार्टीगत स्वार्थभन्दा माथि उठेर अभिव्यक्ति दिदै आएका सांसद शर्मा जनपक्षीय सवालहरूमा खरो उत्रँदै आएका छन् ।






# मोरंग र उदयपुरबाट लागुऔषध सहित तीन पक्राउ

बिराटनगर । मोरङ र उदयपुरको छुट्टा छुट्टै स्थानबाट प्रतिबन्धित औषधी सहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

शनिवार मोरङको लेटाङ नगरपालिका-३ स्थितमा प्रतिबन्धित औषधी बिक्रि वितरण भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्याकय लेटाङबाट खटिएको प्रहरी टोलीले स्थानीय १७ बर्षीय लुसान बर्देवाको घरमा खानतलासी गर्दा स्पाईन- ३ सय १२ र टरमाडोल- ३ सय चक्की औषधी फेला पारी नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय उदयपुर र प्रहरी चौकी लालपत्ताबाट खटिएको प्रहरी टोलीले उदयपुरको त्रियुगा नगरपालिका-६ स्थितबाट त्रियुगा-४ का १७ बर्षीय आयुस चौधरी र १८ बर्षीय दिपेश चौधरीलाई शंकास्पद अवस्थामा फेला पारी चेकजाँच गर्दा उनिहरुको साथबाट फेनारगन, डाईजेपाम र नोरफिन गरि जम्मा १ सय २८ एम्पुल औषधी फेला पारेको थियो ।

प्रतिबन्धित औषधी सहित पक्राउ परेका उनिहरुको सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भईरहेको छ ।

# प्रदर्शनमा उत्रिएका लघु वित्तिय संस्थाका पिडित प्रदर्शनकारी पक्राउ

विराटनगर । केही महिना अगाडी देखि देशभरी प्रदर्शनमा उत्रिएका वित्तीय संस्था पीडित संघर्ष समितिले आफ्नो माग सम्बोधनका लाग दवाव दिने उदेश्यले काठमाण्डौको होटल एभरेष्ट अगाडी सडकमा प्रदर्शन गर्ने क्रममा १७ जना प्रदर्शन कारीलाई प्रहरीले पक्राउ गरका छन् ।

लघुवित्त तथा वित्तीय संस्था पीडित संघर्ष समितिका केन्द्रीय सदस्य सुनिल चौधरीका अनुसार बुधबार माग सम्बोधनका लागि दबाव दिने गरीएको प्रदर्शनमा उनीहरुलाई पक्राउ गरिएको वताए ।

चधरीले भने केही महिना देखि निरन्तर वित्तीय संस्थाहरुको विरोधमा आन्दोलन गर्दै आएका छौ । हाम्रो माग सरकारले सम्बोधन नगरे सम्म आन्दोलन जारी रहन्छ । प्रदर्शन कारीहरुले घेरा तोडेर संसद भवनको गेटमा पुगेका केही पीडितहरूलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ परेकाहरुलाई तत्काल रिहा गर्नुपर्ने, लुघवित्तलाई खारेज गर्नुपर्ने, सावाँसहित व्याज मिनाहा गर्नुपर्ने, पीडितलाई न्याय दिनुपर्ने र ऋण उठाउने क्रममा दुर्व्यवहार गर्नेलाई कारबाही गर्न नेपाल सरकारसंग माग गरका छन् ।

# कुटपिट गर्ने कानूनको फन्दामा

विराटनगर । जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ६ बस्ने बर्ष २७ को पवन कुमार साह हलुवाईलाई विना कारण शक्तिको प्रयोग गरी हातको मुक्काले प्रहार गर्ने कानुनी फन्दामा परको छ ।

घटनाको विवरण अनुसार अषाढ २० गते जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं ४ दुध फारम अगाडि कोशी राजमार्गमा दक्षिणबाट उत्तरतर्फ जादै गरेको बा. १५ च ३४४५ नम्वरको कारमा सवार रहेका जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.४ क्याम्पस मार्गमा बस्ने बर्ष १९ को आयुस भेटुवाल, जिल्ला तेह्रथूम फेदाप गाउँपालिका वडा ४ बस्ने बर्ष ३० को रोसन कार्की र सांकेतिक वतन जिल्ला ०६ बस्ने बर्ष १७ को सांकेतिक नाम विराटनगर १६९ समेत ३ जना मध्ये आयुस भेटवाल कारबाट दौडदै ओर्ली सोही बेला सडकको उत्तरबाट दक्षिण आफ्नो घरतर्फ साईकलमा गईरहेको हलुवाईलाई कुटपिट गरी घाईते वनाई सडकमा लडाएका थिए ।

पीडित सडकमा ढली तत्काल बेहोस भएकोअवस्थामा समेत खुट्टामा समाती अमानवीय शैलीमा सडकमा घिसारेको, आफुसँग साथमा कार हुँदा हुदै पनि आफैले कुटपिट गरी बेहोस अवस्थामा पुर्याएको गम्भिर घाईते हलुवाईलाई उपचारमा लैजानु पर्नेमा सो नगरी ज्यान मर्न सक्ने अवस्थामा पुर्याई छाडी फरार भएको थियो ।

हलुवाईलाई प्रहरीले उद्दार गरी तत्काल उपचारका लागि अस्पताल नपुर्याएको भए सोही स्थानमा नै मृत्यू हुने अवस्था विद्यमान रहेकोमा तत्काल प्रहरी टोलीले फेला पारी उद्दार गरी अस्पतालमा भर्ना गरेका कारण साहको ज्यान बच्न गएको थियो ।

उक्त वारदातको अनुसन्धान पश्चात प्रतिवादीहरूलाई मुलुकी अपराध संहिता २०७४ को दफा १८३ (१) अन्तर्गत ज्यान मार्ने उद्योग कसूर गरेको देखिएकोले दफा १८३(२) बमोजिम सजायको माग दावी लिई राय सहितको प्रतिवेदन जिल्ला सरकारी वकील कार्यालय मोरङमा पेश गरिएको छ ।



# 'तनस्का फेसिन शो रनवे' विराटनगरमा




विराटनगर । 'तनस्का फेसन शो रनवे' विराटनगरमा हुने भएको छ । विराटनगर-३ पिपल चोकस्थित तनस्का फेसन स्टुडियोले साउन २० गते फेसन शो गर्न लागेको हो ।

नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभाहलमा पत्रकार सम्मेलन गरी आयोजक तनस्का फेसन स्टुडियोले फेसन शो को तयारी भइरहेको जानकारी दिए । नेपाली फेसन डिजाइनरहरूको कला प्रदर्शन गर्दै उनीहरूको क्षमतालाई राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरसम्म पुर्याउने उद्देश्यले फेसन शो गर्न लागिएको तनस्का फेसन स्टुडियोका सञ्चालक बनिसा शर्मा कटेलले जानकारी दिइन् ।

'नेपालमा पनि निकै उत्कृष्ट फेसन डिजाइनरहरू हुनुहुन्छ, हामीसँग भएका डिजाइनरहरूको कलालाई फेसन शो का माध्यमबाट सबैमाझ देखाउने उद्देश्यले कार्यक्रम गर्न लागेका हौं,' सञ्चालक कटेलको भनाई थियो ।

फेसन शो का लागि २ पुरुष र १६ जना महिला गरी १८ जना मोडेलहरू छनौट गरिएको छ । तनस्का फेसन स्टुडियोका १२ जना डिजाइनरले तयार गरेका पहिरन लगाएर उनीहरु र्‍याम्पमा उत्रनेछन् । रनवेमा गरिने प्रदर्शनीका लागि साउनको पहिलो सातादेखि नै मोडेलहरू अभ्यासमा जुटिरहेका छन् ।

विराटनगर-३ गोग्राहा चोकस्थित कञ्चनजंघा ब्याङ्क्वेटमा फेसन शो गर्ने तयारी भइरहेको छ । कार्यक्रमलाई सफल पार्न स्टुडियोका सञ्चालक बनिसाको संयोज कत्वमा मूल आयोजक समिति निर्माण गरिएको छ । त्यस्तै, रोमन कटेलको संयोजकत्वमा कार्यक्रम व्यवस्थापन समिति, रबिन कटेलको संयोजकत्वमा प्रचार-प्रसार समिति, यसु बरालको संयोजकत्वमा अतिथि सत्कार समिति र राजिव रिजालको संयोजकत्वमा स्वयंसेवक परिचालन समिति गठन गरिएको छ ।

फेसन शोमा चर्चित राष्ट्रिय कलाकारहरू पनि तनस्काको पहिरन लगाएर प्रदर्शनीमा उत्रने फेसन शो का प्रचार-प्रसार समिति संयोजक रविन कटेलले जानकारी दिए । भारतको कोलकता स्थित नेशनल इन्स्टिच्युट अफ फेसन टेक्नोलोजी कलेजबाट फेसन डिजाइनमा स्नातकोत्तर गरेकी बनिसाले २०७७ सालबाट फेसन स्टुडियो सञ्चालन गरेकी हुन् । यो स्टुडियो, फेसन डिजाइन पढेका डिजाइनरले नै सञ्चालन गरेको कोशी प्रदेशको पहिलो फेसन स्टुडियो भएको दावी गरिएको छ ।

सामान्य सर्वसाधारण देखि स्थापित भइसकेका राष्ट्रिय कलाकारहरूले पनि तनस्का फेसन स्टुडियोमा तयार भएका ड्रेस लगाउँने गरेका छन् । सीटीईभीटीबाट मान्यता प्राप्त सो इन्स्टिच्यूटले फेसन डिजाइनको डिप्लोमा लेबलको कोर्ष अध्ययन गराउँदै आएको छ ।

# राजनीतिमा...

भलै उनिहरुको मताधिकार छैन ।

देशभित्रनै रोजगारिको कोरा रटान लगाउने जुनसुकै व्यवस्था र नेतृत्वले नजरअन्दाज गरेको विषयहरुमध्ये देशभित्र रोजगारिको अवसर श्रृजना हुन नसक्नु, शिक्षा गुणस्तरिय नहुनु, सामाजिक परिवेश परिवर्तन हुँदै जानु र त्यसमा आफुलाई अभ्यस्त राख्न अदृश्य दबावको सामना जस्ता चोटिला विषयहरुले युवालाई वैदेशिक रोजगारिमा धकेलेको तितो यर्थात् विदितै छ । अमेरिकन समाजशास्त्री रोबर्ट के मेरटनले सन् १९३८मा अघि सारेको स्टेंन (तनाव) सिद्धान्तले भनेजस्तै समाजले यसका सदस्यहरुलाई जहिले पनि सामाजिक रुपमा स्थापित लक्ष्यहरु (जुन आफ्नो काबुमा सधैँ नहुन सक्छन्) प्राप्तिको लागि दबाब श्रृजना गरिरहेको हुन्छ, जस्को कारणले तनावको स्थिति श्रृजना हुन्छ, र कतिपय बेलामा उक्त तनावले अपराधिक कृयाकलाप गर्न उद्धेलित गर्ने, आत्माहत्या गराउन प्रोत्साहन गर्ने लगायतका कठोर कुराका साथै आर्थिक सुरक्षाका उपायहरुको खोजि गराउने समेत गर्न सक्छ ।

सामाजिक सञ्जालमार्फत् देशमा के भईरहेको छ र कुन चाँही पार्टीले उनिहरुको भावना, बोली र व्यवहार बोलीरहेका छन् भनेर एकएक हिसाब गरिरहेका पुस्तालाई विगत यस्तो कहाँ थियो भनि कम आंकलन गरिदैं गर्दा ति युवा वर्तमानलाई मज्जाले हेरिरहेका छन् भन्ने चै किन बुझ्न नसकेका होलान्, प्रश्न गम्भीर छ ।

राष्ट्रिय जनगणना २०७८को तथ्याङ्क अनुसार नेपालमा युवा ( राष्ट्रिय युवा नीति अनुसार १६-४० उमेर समुहलाई युवा मानिएको छ ) को जनसंख्या ४२.५६% (१२४१२१७३) रहेको छ जुन २०६८ को तथ्याङ्क ४०.३३% (१०६८९८४२) भन्दा २.२१% ले बढेर गएको देखिन्छ । जनसांख्यिक लाभाँसको रुपमा अबको करिब १५ बर्षसम्म रहने यो समुह राजनीतिमा जबरजस्त निर्णायक बनिरहेको छ भलै देशभित्रकै परिवेश आफु अनुकुल नभएकोले वैदेशिक भुमिमा बसेको किन नहोस् ।

जनसांखिक लाभाँस लिने समयमा रहेको नेपाल सरकारको नीति तथा कार्यक्रम २०८०/८१ लाई सरसर्ती हेर्दा पुनः कोरा नारावाजी मात्रै हो भन्न अतिशयोक्ती नहोला । समेट्न कुनैपनि विषय नछुटाएको सरकारले उद्यमशिलता प्रबर्द्धन गर्नुको साथै अबको दुई वर्ष भित्र पाँच लाख थप रोजगारी सिर्जना गर्ने, एकत्रित रुपमा उठ्न नसकिरहेको नीजि क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने, राष्ट्रिय प्राविधिक तथा व्यवसायिक प्रशिक्षक प्रतिष्ठान स्थापना गर्ने लगायतका महत्वकाँक्षी योजनाहरु पेश भएका छन् । नवप्रवर्तनमा आधारित उद्यम व्यवसाय सञ्चालन गर्ने, अनुसन्धान, आविष्कार र विज्ञान शिक्षाको विस्तारलाई प्रोत्साहन गर्न आविष्कार कोषको स्थापना गर्ने लगायतका मुद्दाहरु प्राथमिकतामा पर्दै गर्दा सरकारले सहुलियतपुर्ण कर्जा कार्यक्रमलाई कर्जाको प्रभावकारिता जाँच गर्ने नाममा विना घोषणा बन्द गरिदिएको छ ।

कोल्टे फेर्न खोजिरहेको राजनीतिक दिशा

समाजशास्त्री मिशेल फुकोल्टले 'सब्जेक्ट एण्ड पावर' भन्ने पुस्तकमा सरकारको बारेमा चर्चा गर्दै सरकारले नितान्त राजनीतिक संरचना वा त्यसको व्यवस्थापन भन्ने मात्र बुझाउँदैन कि समुदायस्तरमा रहने व्यक्ति वा समुहको कामलाई निर्देशित गरेको हुन्छ । पछिल्ला समयमा जेजति सरकार विभिन्न परिवेश र सन्दर्भमा भने फुकोल्टले भनेको जस्तो व्यक्ति वा समुहमा केन्द्रित हुनुको साटो राजनीतिक संरचना र त्यसको व्यवस्थापनमा नै केन्द्रित रह्यो । सरकार बनाउने, भत्काउने, भागवण्डा, सत्ताप्राप्ती र जोगावटको कारणमा अल्झिन अभ्यस्त स्थापित दलहरुको खिचातानीको प्रतिफल स्वरुप श्रृजित चरम वितृष्णाको चपेटामा परेका जनताहरुले विकल्प रोज्न थालिसकेको कुरा पछिल्ला चरणको तनहुँ र चितवनको निर्वाचनले नै सावित गरिसकेको छ । हुन पनि स्थापित दलले गर्ने भन्दा नगर्ने काम धेरै गरिरहने र त्यसबाट आउने नैराश्यतालाई संश्लेषण गर्दै अघि बढिरहेका युवा शक्तिको वेगलाई थाम्न निकै नै गाह्रो देखिन्छ ।

अन्त्यमा

दर्शनशास्त्र वास्तवमा नै पढेका वा पढेजस्तो गरेर भएपनि जनता (नेताको भाषामा) वास्तवमा पार्टी कार्यकर्तालाई भ्रमित पार्न सिपालु हाम्रा नेताहरुले समयसापेक्ष सहि निर्णय लिनै पर्दछ । पेचिलो बनेर आएको युवाशक्ति र आवेगलाई सम्हाल्न महत्वपुर्ण पहलकदमी शुरु नगर्ने हो भने राजनीतिको बागडोर पाकाको पञ्जाबाट नयाँ पुस्तामा जाने कुरालाई नकार्न सकिदैन ।

वर्तमान विश्वमा अब्बल मानिएको व्यवस्थाहरुमध्येको एक व्यवस्था, लोकतन्त्रको विकल्प तत्काल खोजिनु पक्कै गलत हुन्छ । यदि खोज्ने नै हुँदा आफ्नो सांगठनिक आधारशिला उपल्लोदेखि तल्लो तहसम्म भएका दलहरुलाई जति सहज नयाँ पार्टीहरुलाई नहुन सक्छ । तथापि कांग्रेस नेता गगन थापाले भने जस्तै स्थापित दल र तिनका पाका नेताहरुले जबसम्म पोलिटिकल एक्जीटको बाटोलाई छनोट गर्न सक्दैनन् र युवालाई विभिन्न वाहानामा अलमलाई राख्ने गर्ने स्थापित पार्टीहरुको शैलीले युवा शक्तिको सार्मथ्य झन् बढोत्तरी भएर जाने देखिन्छ चाहे त्यो दलभित्र होस् वा दल बाहिर वैकल्पीक शक्तिको रुपमा उदाउँदै गरेको समुहमा होस् ।

१२खरीबाट

# विचित्र संसार

## चन्द्रमाको सपिङ मलमा कसरी गरिन्छ किनमेल ?

चन्द्रमामा सपिङ मल बनाउने कल्पना एउटा रोचक विचार हो जुन विज्ञान प्रविधि क्षेत्रमा मानिसको प्रगति तथा उसको आवश्यकतासँग पनि जोडिएको छ ।

तथापि वैज्ञानिक दृष्टिकोणबाट हेर्दा अहिले चन्द्रमामा मल बनाउने कुरा कठनि मात्र होइन असम्भव जस्तै लाग्दछ ।

चन्द्रमामा यदि मल निर्माण भयो भने मानिसहरु लामो समयसम्म अन्तरिक्षमै बस्न सक्नेछन् र अझै लामो दूरीको यात्रा गर्न सक्नेछन् ।

एआईको परिकल्पना छ कि चन्द्रमामा मलको निर्माणले नयाँ उद्योगको जन्म दिनेछ । यसबाट मानिसहरुलाई नयाँ अवसर प्राप्त हुनेछ र अर्थव्यवस्थालाई बढावा मिल्नेछ । चन्द्रमामा सपिङ मल बन्नु मानवताका लागि नयाँ सुरुवात हुनेछ ।




तर आर्टिफि सियल इन्टेलिजेन्सले भने चन्द्रमामा भविष्यको सपिङ मल तथा त्यसमा गरिने सपिङको काल्पनिक चित्र तयार पारेको छ ।

एआईका अनुसार चन्द्रमामा मनोरञ्जनात्मक सुविधाहरु पूरा गर्नका लागि पसल, रेष्टुरेन्ट, मल्टिप्लेक्सका साथै अन्तरिक्ष यात्रा सम्बन्धी स्टलहरु पनि हुनेछन् ।

एआईको परिकल्पना अनुसार चन्द्रमामा भव्य मलको निर्माण हुँदा अन्तरिक्षयात्रीका लागि सुरक्षित तथा आरामदायक ठाउँ प्राप्त हुनेछ जहाँ उनीहरु आराम गर्न, भोजन गर्न तथा सुत्न सक्नेछन् ।

एआईले निकै मीठो परिकल्पना गरेको छ कि भविष्यमा मानिसहरु पृथ्वी र चन्द्रमा दुवैतिर सपिङ गर्न सक्नेछन् र दुवै ठाउँको अनुभव लिन सक्नेछन् ।

यद्यपि यो केवल आर्टिफि सियल इन्टेलिजेन्सको परिकल्पना मात्रै हो । जुन पूरा नहुन पनि सक्दछ वा पूरा हुनका लागि सयौं हजारौं वर्ष पनि लाग्न सक्दछ ।

## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।